जि.प्र.का. सप्तरी द.नं. २१/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ अंक १८५ २०७८ साल फागुन १० गते मंगलबार (22 Feb. 2022 Tuesday) मूल्य रु. ५/-

महिला अधिकारलाई नारामा मात्र होइन,
व्यवहारमा परिणत गरौं ।
अन्तर्राष्ट्रिय नारी दिवस भव्यरुपमा मनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : भरपर्दो प्रसारण प्रणाली... ३ पृष्ठमा : मधेशको स्वास्थ्य क्षेत्रमा ... ३ पृष्ठमा :बङ्गलादेशले कोभिडविरुद्धका...

## सप्तरीमा चार लाख २४ हजार ७ सय ९ मतदाता




**दैनिक समाचारदाता**
**राजविराज, ९ फागुन ।**

सप्तरी जिल्लामा मतदाताको संख्या ४ लाख २४ हजार ७ सय ९ पुगेको छ । यो संख्या अघिल्लो निर्वाचन भन्दा ६० हजार ७ सय बढी हो ।

जिल्ला निर्वाचन कार्यालय सप्तरीका प्रमुख रमेशकुमार जोशीका अनुसार गत मंसिरदेखी चलाइएको मतदाता नामावली संकलन अभियानका क्रममा ३० हजार ४ सय २८ महिला र ३० हजार ३ सय ३७ पुरुष नयाँ मतदाता थपिएको हो । योसँगै जिल्लामा २ लाख २१ हजार १ सय २५ पुरुष, २ लाख ३ हजार ५ सय ६२ महिला र २२ तेश्रोलिंगि गरि कुल मतदाताको संख्या ४ लाख २४ हजार ७ सय ९ पुगेको हो ।

यसरी थपिएको मतदातामा महिलाको संख्या बढी देखिएको छ । यसमध्ये दोहोरो परेका मतदाताको नामावली घटाइने र बैशाख २९ सम्म मतदान गर्ने उमेर पुगेकालाई समावेश गरिने भएकाले मतदाता संख्यामा केही थपघट हुन सक्ने कार्यालय प्रमुख जोशीको भनाई छ ।

निर्वाचन कार्यालयका कम्प्युटर अपरेटर उमेश कुमार यादवले निर्वाचनको तिथि घोषणा भएपछि माघ २५ गतेदेखी मतदाता नामावली संकलन अभियान रोकिएको र अभियानबाट संकलित नामावलीको चेकजाच र व्यवस्थित गर्ने काम धमाधम भइरहेको जानकारी दिए ।

उनले मतदाता सूचीमा नाम भएको तथा परिचयपत्र हराएको वा नष्ट भएको व्यक्तिलाई फागुन २० गतेभित्र वडाको सिफारिससहित व्यक्ति स्वयम उपस्थित भई जिल्ला निर्वाचन कार्यालयमा निवेदन दिनु पर्ने सूचनासमेत जारि गरिसकिएको बताए । उनले फागुन १९देखी फागुन २६ सम्म मतदाता नामावली अधावधिक एवं दाबी बिरोधको समय तालिका निर्धारण गरिएको जानकारी दिदै समयमै

***बाँकी अन्तिम पृष्ठमा***

## सप्तकोशी नपाका कर्मचारीहरु कामकाज रोकी आन्दोलित



**दैनिक समाचारदाता**
**राजविराज, ९ फागुन ।**

सप्तकोशी नगरपालिकाका कर्मचारीहरु सोमबारदेखी कामकाज रोकी आन्दोलित भएका छन् ।

कर्मचारीहरुलाई धम्क्याउने कार्य तथा कार्यालयमा सुरक्षित साथ काम गर्ने वातावरण नरहेको भन्दै कर्मचारीहरुले सेवा रोकेका हुन् ।

कर्मचारीहरुद्वारा सोमबार एक प्रेस विज्ञप्ति जारि गरि कामकाज उचित वातावरण निर्माण नभएसम्म काममा नफर्किने जनाइएको छ ।

नगरपालिकाको प्राविधिक शाखाका सवइन्जिनियर किशोर यादवले चार दलिय गठबन्धनद्वारा नगरपालिका कार्यालयलाई लक्षित गरि थालिएको आन्दोलनले आफूहरु असुरक्षित भएकोले बाध्य भई काम रोक्नु परेको बताए ।

अघिल्लो दिन आइतबार आन्दोलनका नाममा नेपाली काँग्रेस, नेकपा एकीकृत समाजवादी, नेकपा माओवादी केन्द्र तथा जसपाद्वारा गठित संघर्ष समितिले कार्यालयमा ढुंगामुढा गरि क्षति पुऱ्याएको थियो ।

आर्थिक वर्ष २०७८/७९ मा नगर सभाद्वारा नगरका ११ वटै वडाका लागि तय गरिएको योजना कार्यान्वयनमा ल्याउनु पर्ने, महालेखा तथा आन्तरिक लेखा परिक्षकका क्रममा ठहर भएका बेरुजु विवरण सार्वजनिक गर्नुपर्ने, विभिन्न समयमा खरीद गरिएको उपकरणहरुको खरीद प्रक्रिया तथा कर्मचारी नियुक्ति लगायतका प्रकरणको छानबिन हुनुपर्ने लगायतका माग राखी गत माघ २४ गते नै नगर प्रमुखलाई चार दलिय गठबन्धनद्वारा गठित संघर्ष समितिले ज्ञापन पत्र बुझाएको थियो ।

तर त्यसको वेवास्त गरिएको भन्दै बिहीबार संघर्ष समितिद्वारा गरिएको तालाबन्दी एकपक्षिय रुपमा शुक्रबार खोलिएपछि विवाद चर्केको थियो ।



## सम्पादकीय

# माग पुरा गराउन आन्दोलनको विकल्प खोजौं

आन्दोलनकै माध्यमबाट कुनै पनि विषयमा आफ्नो माग पुरा गराउने परिपाटी नै बसिसकेको छ। हाल यो परिपाटी मुलुकको सबै क्षेत्रमा हाबी भएको देखिन्छ। मुलुकको राजनीतिक क्षेत्रबाट उत्पन्न भएको यो परिपाटी अहिले स्थानिय स्तरमा निकै बढेको छ। सानो भन्दा कुरामा आन्दोलन भन्ने शब्द निकै प्रख्यात भएको छ। टोल समाजदेखी स्थानिय पालिकासम्म आन्दोलन गर्ने परिपाटी बसिसकेको छ। वार्ता र सम्वादको माध्यमबाट आफ्नो माग सम्बोधन गर्ने बाटो हुँदा हुँदै पनि आन्दोलन नै रोज्नु पर्ने बाध्यता किन उत्पन्न हुन्छ भन्ने कुरा अहिले आमजनतामा प्रश्न उब्जिएको छ। कसैले ती मागहरु सम्बोधन गर्न नसके वा आलटाल गरे त्यसभन्दा माथिल्लो निकाय पनि हुन्छ। सो निकायमा जानुको सट्टा स्थानिय स्तरमै आन्दोलन गरेर माग पुरा गराउने दबाब सृजना गर्नु कतिको उचित हो ?

हो यस्ता विषयमा अहिलेको जनमानसले गम्भिर भएर अध्ययन गर्नु पर्ने हो। कीन भने आन्दोलनका कारण दैनिक कामकाज प्रभावित हुनुका साथै जनतालाई प्रदान गर्ने सेवा समेत प्रभावित हुन जान्छ। यस्तो अवस्थामा कसैलाई अत्यन्त आवश्यक काम भएमा उँ सो काम गर्न गराउनबाट बञ्चित हुनपुग्छ। जसकारणले उसको भविष्य समेत धरापमा पर्न सक्छ। त्यस्तै आन्दोलनका क्रममा मानविय र भौतिक क्षति समेत हुने सम्भावना बढी हुन्छ।

तसर्थ कुनै पनि माग पुरा गराउनका लागि आन्दोलनको साटो वार्ता र सम्वादको बाटो रोज्नुमा कुनै दुइमत नहोला। हुन त आन्दोलनलाई अन्तिम विकल्पको रुपमा अहिलेको परिवेशमा लिइएको छ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# भरपर्दो प्रसारण प्रणाली बनाउन खर्च हुँदैछ एमसिसीको अनुदान

काठमाडौं, ९ फागुन (रासस)।

सरकारले १० वर्षमा १५ हजार मेगावाट बिजुली उत्पादन गर्ने लक्ष्य राखेर अगाडि बढाएको दीर्घकालीन महत्वको योजनालाई कार्यान्वयन गर्न पनि भरपर्दो प्रसारण प्रणाली निर्माण गर्नु जरुरी छ। खनिज इन्धनमा लगातार भइरहेको मूल्यवृद्धिका कारण नेपाल जस्ता कमजोर अर्थतन्त्र भएको देशले विप्रेषणबाट आएको डलर खर्च गरेर तेल खरिद गर्ने विषय अब क्रमशः अप्ठ्यारो बाध्यता बन्न थालेको छ।

यो अवस्थामा नेपाल विद्युत् प्राधिकरणले नै काठमाडौँ उपत्यकालगायत प्रमुख सहरी क्षेत्रमा बिजुलीको सघन पहुँच स्थापित गर्ने लक्ष्यका साथ गुरुयोजना बनायो। सो गुरुयोजनालाई सरकारी स्वामित्वको राष्ट्रिय प्रसारण ग्रीड कम्पनीले तय अध्ययनसहित प्रसारण प्रणालीको खास मार्गचित्र तयार पारेको हो। ग्रीड कम्पनीले देशभर विशेष गरी ठूला पाँचवटा हव स्टेशन बनाउने सुझाव दिएको छ। त्यसलाई क्षेत्रगत रुपमा नदी करिडोरका आधारमासमेत विभाजन गरिएको छ।

महाकाली, पश्चिम सेती, तथा कर्णाली करिडोरलाई समेट्ने गरी दोधारा तथा नयाँ अत्तरिया सवस्टेशन निर्माण हुनेछ। त्यसले भारतको बरेली र उत्तराखण्डलाई जोड्नेछ। सो हव स्टेशनमा पञ्चेश्वरको प्रस्तावित तीन हजार २४० मेगावाट, हुम्ला कर्णाली क्यास्केडको ९१६ मेगावाट, पश्चिम सेतीको ७५० मेगावाट, एसआर ६, चैनपुर सेतीलगायतका आयोजनाको बिजुली जोडिनेछ। आन्तरिक खपतको बढावाका अलावा भारत निर्यातका लागि पनि सो हवले सुदूरपश्चिम प्रदेशमा विशेष भूमिका निर्वाह गर्दछ।

राजनीतिक दलहरुबीच चर्को विवाद र आइतबारदेखि संसदमा प्रवेश गरेको अमेरिकी सहयोग परियोजना एमसिसीसँग जोडिएको अर्को हव स्टेशन हो न्यू बुटवल गोरखपुर। यही फागुन ११ र १२ गतेका लागि तय भएको नेपाल र भारतका ऊर्जा सचिवको बैठकमा न्यू बुटवल गोरखपुर अन्तरदेशीय प्रसारण लाइन निर्माणका अलावा बिजुली व्यापारका विषयमा महत्वपूर्ण छलफल गर्ने कार्यक्रम तय भएको ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले जनाएको छ। सो सवस्टेशनमा काली गण्डकी, मर्स्याङ्दी तथा बूढीगण्डकी करिडोरमा निर्माण हुने जलविद्युत् आयोजनाको बिजुली जोडिनेछ।

यस्तै माथिल्लो मर्स्याङदी दोस्रो ६०० मेगावाट, काली गण्डकी कोभान ४०० मेगावाट, मनाङ मर्स्याङदी २८२ मेगावाट सोही सवस्टेशनमा जोडिनेछ। न्यू बुटवल गोरखपुर अन्तरदेशीय ४०० केभी क्षमताको प्रसारण लाइनमार्फत बिजुली आयात निर्यातका लागि मार्ग प्रशस्त हुनेछ।

सरकारले तय गरेको १० वर्षमा १५ हजार मेगावाट बिजुली उत्पादनको लक्ष्यमा कम्तीमा पनि पाँच हजार मेगावाट बिजुली निर्यात गर्ने उल्लेख छ। बूढीगण्डकी, मर्स्याङदी करिडोरलगायत स्थानमा उत्पादन भएको बिजुली बढी हुँदा त्यसलाई भारत र बङ्गलादेश निर्यात गर्न नेपालको बुटवलदेखि भारतको गोरखपुरसम्म प्रसारण लाइनको महत्वपूर्ण भूमिका रहन्छ। त्यसका साथ साथै नेपालले चाहेको स्थानबाट मात्रै विद्युत् निर्यात गर्नसक्ने अवस्था नभएकाले प्रसारण लाइन निर्माण जरुरी देखिएको हो।

संसदमा टेबुल भएको एमसिसी सम्झौताअनुसार प्राप्त हुने हालको मूल्य अनुसार झण्डै रु ६० अर्ब अनुदान र नेपाल सरकारले थप गर्ने झण्डै रु १४ अर्ब बजेटबाट प्रसारण लाइनका अतिरिक्त र सडक पूर्वाधार समेत निर्माण हुनेछ। काठमाडौँको उत्तरपूर्वमा रहेको लप्सीफेदीदेखि नुवाकोटको रातमाटेसम्मको खण्ड, रातमाटेदेखि हेटौँडासम्मको खण्ड, रातमाटेदेखि दमौलीसम्म, दमौलीदेखि बुटवल र बुटवलदेखि भारतको सीमानासम्मको खण्डमा डबल सर्किट ४०० केभी क्षमताको प्रसारण लाइन निर्माण हुनेछ।

सो प्रसारण लाइन ३१२ किलोमिटर लामो हुनेछ। प्रसारण लाइनका अलावा रातमाटे, दमौली र बुटवलमा तीन अत्याधुनिक सवस्टेशन निर्माण हुनेछन्। रातमाटे सवस्टेशनमा नेपाल र चीनबीच निर्माण हुन लागेको रसुवागढी केरुङ ४०० केभी प्रसारण लाइनसमेत जोडिनेछ। यसबाट भारत र चीनमा बिजुलीको निर्यातका लागि सबैभन्दा भरपर्दो प्रसारण संरचना निर्माण हुने छ।

ऊर्जा उद्यमी प्रकाश दुलालका अनुसार प्रसारण लाइनको आसपास निर्माण हुन लागेका र निर्माणमा जान लागेका आयोजनाका लागि प्रसारण लाइन जरुरी छ। त्यसकारण प्रसारण लाइन निर्माणको विषयमा राजनीति हुन नहुने उहाँको भनाइ छ। प्रसारण लाइन र सवस्टेशन निर्माणका लागि मात्रै ४० करोड अमेरिकी डलर खर्च हुनेछ। त्यस्तैगरी सडकतर्फ पूर्व-पश्चिम राजमार्गको कपिलवस्तुको चन्द्रौटादेखि लहमी हुँदै बाँके र दाङ जिल्लामा पर्ने शिवखोलासम्मको कूल १०० किलोमिटर सडकको स्तरोन्नति गरिनेछ। सो कार्यका लागि एमसिसीबाट प्राप्त हुने अनुदानमध्ये ५.२ करोड अमेरिकी डलर खर्च हुनेछ।

एमसिसी कार्यान्वयनका लागि सरकारले स्थापना गरेको एमसिए नेपालका अनुसार बुटवल गोरखपुर अन्तरदेशीय प्रसारण लाइनको नेपाल र भारत सीमासम्मको करिडोर २२ किलोमिटर प्रसारण लाइन निर्माणका लागि सहायता उपयोग गरिनेछ। ऊर्जा क्षेत्रको भरपर्दो र एमसिसी लगानीको दिगोपना बढाउन, क्षमता विकासका लागि प्राविधिक सहायतासमेत उपलब्ध हुनेछ।

बिजुलीको धेरै माग हुने भैरहवा, बुटवल, नारायणगढ, पोखरा, दाङलगायतका सहरलाई समेट्ने लक्ष्य एमसिसी अनुदानमा निर्माण हुने प्रसारण लाइनको छ। न्यू बुटवल सवस्टेशन हुँदै भारतको गोरपुर जोडिने प्रसारण लाइन कूल १४० किलोमिटर लामो छ। त्यसको २० किलोमिटर खण्ड मात्रै नेपालमा पर्छ भने १२० किलोमिटर खण्ड भारतमा पर्छ।

सो प्रसारण लाइनलाई सरकारले असाध्यै महत्व दिएको छ। प्रसारण लाइन समान लगानीमा निर्माणका लागि नेपाल र भारतबीच सहमति पनि भइसकेको छ। प्रसारण लाइनको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार भइसकेको छ। प्राधिकरणको विद्यमान सवस्टेशन नजिक अर्को सवस्टेशन निर्माण भएपछि विद्युत् व्यापारको अर्को ढोका खुल्नेछ।

जानकारका अनुसार बूढीगण्डकी र मर्स्याङदी करिडोरलगायतका स्थानमा निर्माण हुने बिजुली निकासी गर्न नसकिँदा प्राधिकरणले अर्बौं बराबरको रोयल्टी मात्रै तिर्नुपर्ने अवस्था आउनुका साथै निर्यातको लक्ष्यसमेत पूरा नहुने देखिन्छ। नेपाली भूमिमा बन्ने कुनै पनि प्रसारण लाइन, सवस्टेशन निर्माणका लागि कोही कसैको सहमति लिनुपर्दैन। अन्तरदेशीय प्रसारण लाइन भएकाले एक अर्काको सहमति जरुरी रहने प्रावधान राखिएको जानकारको भनाइ छ।

एमसिए नेपालका अनुसार प्रसारण लाइनको मार्ग निर्धारण सरकारको विद्युत् नीति र गुरुयोजनालाई आधार मानेर विशेषज्ञ सम्मिलित टोलीले गरेको अध्ययन र अनुसनधानका आधारमा तयार गरिएको हो। यसको वातावरणीय प्रभाव मूल्याङ्कन गरिएको छ। एमसिसीले हालसम्म विश्वका ४९ देशमा अनुदान उपलब्ध गराएको छ। सन् २००४ मा स्थापना भएको एमसिसीले २०१७ को अगस्टमा नेपाललाई अनुदान उपलब्ध गराउने निर्णय गरेको थियो।

एमसिसी सम्झौता प्रतिनिधिसभामा आइतबार टेबल गर्दै सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले नेपालको सार्वभौमसत्ता, स्वतन्त्रता र स्वाधिनताका सन्दर्भमा कुनै पनि सम्झौता नहुने स्पष्ट पार्दै एमसिसी विकास पूर्वाधारका लागि प्राप्त भएको अनुदान भएको बताउनुभएको थियो।

उहाँले भन्नुभयो, "नेपालको सार्वभौमसत्ता, स्वतन्त्रता र स्वाधिनता अक्षुण्ण र अउल्लङ्घनीय रहेको राष्ट्रिय प्रतिबद्धता प्रकट गर्दै, संयुक्त राष्ट्रसङ्घको बडापत्र, असङ्लग्न पञ्चशीलको सिद्धान्त, अन्तर्राष्ट्रिय कानुन र विश्वशान्तिको मान्यता अनुसार कुनै सैन्य सङ्गठनमा सामेल नहुने नेपालको पररष्ट्र नीतिको परम्परालाई आत्मसात् गर्दै, उक्त प्रस्ताव अनुमोदन गरिदिनुहुन म यस सम्मानित सदनसमक्ष प्रस्ताव गर्दछु।"

सन्धि ऐन, २०४७ को दफा ४ को व्यवस्था बमोजिम, मन्त्रिपरिषद्को २०७५ माघ २५ गतेको बैठकले एमसिसी अनुदान सहायता सम्झौतालाई अनुमोदन गर्नका लागि सङ्घीय संसदमा पेश गर्न अर्थ मन्त्रालयलाई स्वीकृति दिने निर्णय गरेको थियो। यद्यपि विकास परियोजना वा करार सम्झौतालाई संसदमा नलगेको भए पनि हुन्थ्यो भन्ने मत पनि यसबीचमा नउठेको होइन।

यो सम्झौतामा हस्ताक्षर हुनुअघि गरिएको अध्ययनले विद्युत् प्रसारण लाइनबाट दुई करोड ३० लाख तथा सडक मर्मत कार्य १० लाख जनताले प्रत्यक्ष लाभ प्राप्त गर्ने प्रारम्भिक अनुमान गरेको थियो। यी परियोजनाबाट ५० लाख घरधुरी लाभान्वित हुनेछन्।

# एक हजारभन्दा कम वक्ता भएका २३ भाषा संकटापन्न

काठमाडौँ, ९ फागुन (रासस)।

एक हजार जनाभन्दा कम वक्ता भएका नेपालका ३७ वटा भाषाको संरक्षणमा भाषा आयोगले काम सुरु गरेको छ। अन्तर्राष्ट्रिय मातृ भाषा दिवसका अवसरमा आइतबार नेपाल प्रज्ञा प्रतिष्ठान, आयोग र संयुक्त राष्ट्र सङ्घीय शैक्षिक वैज्ञानिक तथा सांस्कृतिक सङ्गठन (युनेस्को) ले आइतबार यहाँ आयोजना गरेको 'मातृभाषा र मातृभाषा साहित्यसम्बन्धी विचार गोष्ठी' मा ३७ भाषामध्ये २३ भाषा सङ्कटापन्न अवस्थामा पुगेको जानकारी गराइएको छ।

कार्यक्रममा कार्यपत्र प्रस्तुत गर्नुहुँदै आयोगका अध्यक्ष डा लवदेव अवस्थीले विश्वविद्यालय अनुदान आयोगको सहकार्यमा वृत्ति दिएर ती भाषा संरक्षणका काम सुरु गरेको बताउनुभयो। सो अवसरमा डा बालकृष्ण बलले भाषा अनुवादको यान्त्रिक प्रक्रिया, डा सोमबहादुर धितालले 'धिमाल भाषा र संस्कृतिको सम्बन्ध' एवं सुलोचना मानन्धरले 'नेपालका विभिन्न मातृभाषामा प्रचलित लोककथा, जनजीवन तथा वातावरणबीचको सम्बन्ध' का बारेमा कार्यपत्र प्रस्तुत गर्दै मातृभाषा संरक्षणमा अझै धेरै काम गर्नुपर्नेमा जोड दिनुभएको थियो।

कार्यक्रम उद्घाटन समारोहलाई सम्बोधन गर्नुहुँदै प्रतिष्ठानका कुलपति गङ्गाप्रसाद उप्रेतीले इन्द्रेणीमय विविधता बोकेको समाजमा सबै मातृभाषाको संरक्षण गर्न सहयोग

*बाँकी तीन पृष्ठमा*

# मधेशको स्वास्थ्य क्षेत्रमा सुधारको संकेत

**राजु विश्वकर्मा**
जनकपुर, ९ फागुन (रासस)।

स्वास्थ्यको दृष्टिकोणले पछाडि परेको मधेश-प्रदेशमा पछिल्लो केही वर्षदेखि ती क्षेत्रमा सकारात्मक परिणाम देखा पर्न थालेको छ। प्रदेश सरकार स्थापना भएयता सरकारबाट भएका स्वास्थ्य र शिक्षासम्बन्धी गतिविधिले सकारात्मक परिणाम दिन थालेको हो। स्वास्थ्यमा सबै नागरिकको पहुँच पुग्न नसकेको व्यापक गुनासो उठिरहेका बेला प्रदेश सरकारले स्वास्थ्य सेवालाई व्यवस्थित गर्न जारी गरेको स्वास्थ्य सेवा ऐन २०७८ को कार्यान्वयनका लागि स्वास्थ्य सेवा नियमावली तयार गरिरहेको जनाएको छ।

“स्वास्थ्य सेवा ऐन २०७८ जारी भइसकेको छ”, मधेश प्रदेशका सामाजिक विकासमन्त्री नवलकिशोर साहले भन्नुभयो,“सो ऐन कार्यान्वयनका लागि नियमावली तयार भइरहेको छ, अबको केही दिनभित्र नियमावली बनिसक्छ।” नियमावली बनेपछि स्वास्थ्य क्षेत्र अझ व्यवस्थित र सबैको पहुँच पुग्ने उहाँको भनाइ थियो।

स्वास्थ्य सेवामा प्रदेशका सबै नागरिकको पहुँच अभिवृद्धि गर्दै सरल र सहज रुपमा स्वास्थ्य शिक्षा प्रदान गर्ने उद्देश्यले प्रदेश सरकारले मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापना गरिसकेको छ। मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन २०७७ अनुसार गत २०७७ साल कात्तिकमा स्थापना भएको मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानले बिएस्सी नर्सिङ, बिपिएच, बिएमएलटी र बिएनएस कक्षा सञ्चालन गर्दै आएको छ।

स्थापनाको छोटो समयमै महत्वपूर्ण चार वटा प्राज्ञिक कक्षा सञ्चालन गर्न सफल प्रतिष्ठानले छिट्टै एमडी एमएस कक्षा सञ्चालनको तयारी गरेको प्रतिष्ठानका उपकुलपति प्रा डा रामकेवल शाहले जानकारी दिनुभयो। “मेडिसिन, सर्जरी, गाईनोलोजिष्ट, पेडियाट्रिक्स, अर्थोपेडिक्स र रेडियोलोजिष्ट गरी ६ विषयमा एमडी एमएस कक्षा सञ्चालन गर्ने तयारी गरेका छौं”, उपकुलपति प्रा डा शाहले भन्नुभयो,“तर प्रतिष्ठानसँग अहिले आफ्नो स्वामित्वको अस्पताल नहुँदा एमडी एमएस कक्षा सञ्चालनमा केही कठिनाइ भएको छ।”

सो कक्षा सञ्चालनका लागि आफ्नै स्वामित्वको अस्पताल चाहिन्छ। उहाँले भन्नुभयो,“तर आफ्नो स्वामित्वको अस्पताल प्रतिष्ठानसंग छैन, ऐन अनुसार जनकपुरधामस्थित प्रादेशिक अस्पताल प्रतिष्ठानको मातहतमा आइसके पनि पूर्ण स्वामित्व हस्तान्तरण हुन सकेको छैन।” जसका कारण चाहेर पनि सो कक्षा सञ्चालन हुन सकेको छैन। यद्यपि प्रादेशिक अस्पतालको स्वामित्व प्रतिष्ठानमा हस्तान्तरणको पहल भइरहेकाले त्यो हुने वित्तिकै एमडी एमएस कक्षा सञ्चालन गर्ने तयारी छ।

चिकित्सा शिक्षा आयोगबाट मान्यता प्राप्त गरी २०७८ मङ्सिर महिनादेखि शिक्षण प्रशिक्षणको चार वटा कोर्स सञ्चालन गर्दै आएको प्रतिष्ठानले सञ्चालन गरेको स्वास्थ्यसम्बन्धी शिक्षण प्रशिक्षण कोर्स अन्तर्गत बिएनएस सङ्कायमा १६, बिएसी नर्सिङ, बिपिएच र बिएमएलटीमा एक/एक विद्यार्थी अध्ययनरत रहेको प्रतिष्ठानले जनाएको छ। सबै शैक्षिक कार्यक्रममा २०/२० विद्यार्थी भर्ना गर्न पाउन अनुमति प्राप्त गरेको छ। तर चिकित्सा शिक्षा आयोगले यसवर्ष लिएको प्रवेश परीक्षामा थोरै मात्र विद्यार्थी उत्तीर्ण भएकाले अपेक्षाकृत विद्यार्थी भर्ना नलिएको प्रतिष्ठानले जनाएको छ।

कोभिड-१९ को सङ्क्रमणबाट प्रदेशवासीलाई जोगाउने उद्देश्यले प्रदेश सरकारले पिसिआर मेसिन जडान, ल्याब स्थापना, आवश्यक जनशक्ति व्यवस्थापन र अक्सिजन प्लान्ट स्थापना तथा खोप अभियानलाई तीव्रता दिएको छ। जनकपुरधामको मुजेलियास्थित मणिपालको भवन मर्मत सम्भार गरी मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानको मातहतमा रहने गरी आईसियु र एचडियू बेडसहितको १०० शय्याको कोभिड विशेष अस्पताल सञ्चालन गरेको प्रदेश सरकारले प्रदेशका सात जिल्लाका अस्पतालमा अक्सिजन प्लान्ट र आइसोलेशन बेड स्थापना गरिसकेको प्रदेश स्वास्थ्य निर्देशनालयका निर्देशक विजयकुमार झाले बताउनुभयो। कोभिड- १९ विरुद्धको खोप लगाउने कार्यलाई विगतको भन्दा तीव्रता दिएको प्रदेश सरकारले हालसम्म प्रदेशभरिका करिब ६० प्रतिशत जनसङ्ख्याले खोप लगाइसकेको जनाएको छ।

कोभिड- १९ रोकथाम तथा व्यवस्थापनसँगै दैनिक रुपमा कोभिड १९ सूचना सङ्कलन केन्द्र सञ्चालनमा ल्याइएको छ। समुदायस्तरमा कोभिड- १९ को परीक्षण पहुँच विस्तार गरेको सरकारले हालसम्म प्रदेशका विभिन्न प्रयोगशालाबाट एक लाख ९३ हजार ९९३ जनाको कोभिड-१९ परीक्षण गराएको छ। प्रदेशस्तरमा ४० डिग्री सेन्टिग्रेडको तापक्रममा खोप सुरक्षित सुविधा भएको दुई वटा कोल्ड रुम सञ्चालनमा ल्याइएको छ। इमर्जेन्सी कोल्ड चेन भण्डार गृह निर्माणसमेत गरिएको छ। प्रत्येक परिवारमा रहेका विभिन्न उमेर समूहका व्यक्तिलाई उमेर अनुसारको आधारभूत स्वास्थ्य सेवा सुनिश्चित गर्न डिजिटल फ्यामिली हेल्थ फोल्डरको सफ्टवेयर एप्स विकास गरी ८ वटै जिल्लाका १६ स्थानीय तहमा कार्यान्वयन गरिसकेको सामाजिक विकास मन्त्रालयले जनाएको छ।

प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला जनकपुरधामबाट एचआईभी, हेपाटाईटिस बिसी, टिबी-पिसिआर जाँच सञ्चालन गरिएको छ। साथै प्रदेश सरकारको सहयोगमा बाराको भ्रिटकैयामा ५० बेडको प्रादेशिक सरुवा रोग अस्पताल निर्माण गर्न लागेको सामाजिक विकासमन्त्री साहले बताउनुभयो। सुरक्षित मातृत्व र कुपोषणका डरलाग्दो अवस्था रहेको प्रदेशमा पहिलो पटक प्रदेश सरकारले पूर्ण सुरक्षित मातृत्व कार्यक्रम र कुपोषणमुक्त प्रदेश बनाउने कार्यक्रम सञ्चालन गरिरहेको छ। “अन्य प्रदेशको तुलनामा यस प्रदेशमा मातृ मृत्युदर र कुपोषणको समस्या ठूलो समस्याको रुपमा देखापरेको छ”, मन्त्री साहले भन्नुभयो,“ती समस्यालाई समाधान गर्नका लागि हामीले पूर्ण सुरक्षित मातृत्व कार्यक्रम र कुपोषणमुक्त प्रदेश बनाउने कार्यक्रम ल्याएका छौं।”

महिलाहरुमा आङ खस्ने समस्या र हाइड्रोसिल रोगबाट पीडितलाई निःशुल्क शल्यक्रिया गरिएको छ। प्रदेश सरकारले चार वर्षमा २०० महिलाको आङ खस्ने समस्याको निःशुल्क शल्यक्रिया र ४६४ हाइड्रोसिल पीडितको निःशुल्क शल्यक्रिया गरेको प्रदेश स्वास्थ्य निर्देशनालयले जनाएको छ। प्रदेशमा क्षयरोग नियन्त्रणका लागि १७ वटा सेन्टर सञ्चालनमा छ। प्रदेश सरकारले प्रादेशिक अस्पतालमा स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन गरिरहेको जनाएको छ।

***एक हजारभन्दा ...***

पुगोस् भनी कार्यक्रम आयोजना गरिएको बताउनुभयो। इतिहासमा विविधततालाई नचिन्दा द्वन्द्व भएको सुनाउनुहुँदै उहाँले अब त्यस्तो हुन नदिन यस्ता कार्यक्रमले योगदान गर्ने बताउनुभयो।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव महेश्वर न्यौपानेले संविधानमा व्यवस्था भएअनुसार मातृभाषामा शिक्षा दिन सबै खाले पूर्वाधार एवं जनशक्तिको व्यवस्थापन हुनुपर्नेमा जोड दिनुभयो। मातृभाषा संरक्षणमा तीनै तहका सरकारबीच समन्वय हुनुपर्नेमा उहाँले जोड दिनुभयो। प्रतिष्ठानका सदस्य सचिव जगतप्रसाद उपाध्यायले मातृभाषामा शिक्षा दिन विभिन्न विश्वविद्यालय एवं सरोकार भएका निकायसँग समन्वय गर्नुपर्नेमा जोड दिनुभयो। विश्वमा १५ दिनमा दुईवटा भाषा लोप हुने गरेको तथ्य अध्ययनबाट सार्वजनिक भएकाले त्यसो हुन नदिन सरोकार भएका निकायले काम गर्नुपर्ने उहाँको भनाइ थियो।

कार्यक्रममा युनेस्कोका प्रतिनिधि निर्जना शर्मा, बङ्गलादेशी राजदूतावासका प्रतिनिधि इसरत जहाँ, प्रतिष्ठानका प्राज्ञ योगेन्द्रप्रसाद यादवलगायतले मातृभाषाको संरक्षणका लागि सरोकार भएका निकायसँगको समन्वयमा निरन्तर सहकार्य हुने प्रतिबद्धता जनाउनुभएको थियो। संयुक्त राष्ट्रसङ्घ महासभाले सन् १९९९ मा घोषणा गरी सन् २००० देखि फेब्रुअरी २१ तारिखका दिन अन्तर्राष्ट्रिय मातृभाषा दिवस मनाउन सुरु गरेको हो।


डा. आदर्श कुमार सिंह
Dr. Adarsh Kumar Singh
MBBS, MD TU
NMC Reg. No. : 9413
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग

सम्पर्क : सुनरैत मेडिकल हाल
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774 / Mo. No : 9819721526, 9852820734


## विश्व समाचार

### बङ्गलादेशले कोभिडविरुद्धका प्रतिबन्ध नलम्ब्याउने

ढाका, ९ फागुन (रासस/सिन्ह्वा)।

बङ्गलादेशले कोभिड- १९ का विरुद्धमा लगाइरहेका प्रतिबन्ध अब नलम्ब्याउने जनाएको छ। यहाँको मन्त्रिपरिषदका सचिव खाँदकर अनवारुलले आइतबार सो कुराको जानकारी दिनुभएको हो। उहाँले अब बङ्गलादेशमा यसअघिदेखि लगाउँदै आएका प्रतिबन्धको समय नथप्ने जानकारी दिनुभएको हो।

बङ्गलादेशमा कोभिड महामारीको तेस्रो लहर ओमिक्रोन भेरियन्ट आएसँगै प्रतिबन्ध लगाएको थियो। विद्यालय, विश्वविद्यालयदेखि होटल बन्द गर्ने देखि लिएर सार्वजनिकस्थलमा उपस्थित हुन नपाइनेसम्मका प्रतिबन्ध लगाइएको छ। ती प्रतिबन्धको समय यही फेब्रुअरी २२ सम्म रहेको र अब त्यसलाई थप नलम्ब्याउने निर्णय सरकारले गरेको जानकारी उहाँले दिनुभयो।

### भारतमा १६ हजार कोरोनाका नयाँ सङ्क्रमित

नयाँदिल्ली,९ फागुन (रासस/सिन्ह्वा)।

भारतमा पछिल्लो २४ घण्टामा १६ हजार ५१ जना कोरोनाका नयाँ सङ्क्रमित थपिएका सरकारी अधिकारीले सोमबार बिहान जानकारी दिएका छन्। यसैसँगै भारतमा कोरोना सङ्क्रमण सुरु भएयता हालसम्म चार करोड २८ लाख ३८ हजार ५२४ सङ्क्रमित भएका केन्द्रीय स्वास्थ्य मन्त्रालयले सोमबार जनाएको छ।

सोही अवधिमा सङ्क्रमणमुक्त भएकाको सङ्ख्या भने ३७ हजार ९०१ रहेको छ। एउटै अवधिमा कोरोनाभाइरसबाट नयाँ सङ्क्रमित भएकाको सङ्ख्याभन्दा सङ्क्रमणमुक्त भएकाको सङ्ख्या धेरै रहेकाले सक्रिय सङ्क्रमितको सङ्कया घट्दै गएको छ। भारतमा कोरोनाका चार करोड २१ लाख २४ हजार ९८४ जना सङ्क्रमणमुक्त भएका छन्।

अधिकारीका अनुसार, भारतमा अहिले कोरोनाभाइरसबाट सक्रिय सङ्क्रमितको सङ्ख्या दुई लाख २ हजार १३१ रहेको छ। पछिल्लो २४ घण्टामा मात्र २२ हजार ५६ जना सक्रिय सङ्क्रमित घटेका समाचारमा जनाइएको छ।

कोरोनाभाइरसका कारण भारतमा पछिल्लो एक दिनमा २०६ को मृत्यु भएको पनि मन्त्रालयका अधिकारीले जनाएका छन्। यससँगै भारतमा कोरोना सङ्क्रमणको कारण हालसम्म पाँच लाख १२ हजार १०९ को मृत्यु भइसकेको समाचारमा जनाइएको छ।

### इयुद्वारा सुडानलाई ४ करोड युरो बराबरको मानवीय सहायता विनियोजन

खार्तुम, सुडान, ९ फागुन (रासस-एएनआई/सिन्ह्वा)।

युरोपेली आयोगले सन् २०२२ मा पूर्वी र दक्षिणी अफ्रिकालाई मानवीय सहयोगको रूपमा सुडानलाई ४ करोड युरो मानवीय सहायता विनियोजन गरेको, सुडानको आधिकारिक सुना समाचार एजेन्सीले आइतबार जनाएको छ।

इयुले अन्तर्राष्ट्रिय एजेन्सीहरू मार्फत खाँचोमा परेका सुडानी जनतालाई सहयोग गर्ने आफ्नो प्रतिबद्धता पुष्टि गरेको सुनाले उल्लेख गरेको छ। “पूर्व र दक्षिणी अफ्रिकामा कमजोर जनसंख्याले सामना गरेका गम्भीर चुनौतीहरू गम्भीर मौसमी घटनाहरू, राजनीतिक अस्थिरता र द्वन्द्व र कोभिड-१९ महामारीको प्रभावका कारण झन् बढेको छ,“ जेनेज लेनार्किक, संकट व्यवस्थापनका लागि इयु आयुक्तले जनाएका छन्।

त्यसैगरी २९४.३२ मिलियन युरो को इयु कोष जिबुटी, प्रजातान्त्रिक गणतन्त्र कङ्गो (म्न्च्म्) र ग्रेट लेक्स क्षेत्र, इथियोपिया, केन्या, सोमालिया, दक्षिणी अफ्रिका र हिन्द महासागर क्षेत्र सहित अफ्रिकी देशहरू र क्षेत्रहरूमा परियोजनाहरूमा विनियोजन गरिनेछ।

### महारानी एलिजाबेथ कोभिड संक्रमित

लन्डन, ९ फागुन (रासस-एएफपी)।

बेलायतकी महारानी एलिजाबेथ द्वितीया कोभिड-१९ सङ्क्रमित हुनुभएको छ। तर उहाँमा सङ्क्रमणको लक्षण भने “हल्का” छ। अहिले उहाँ आफ्नो विन्डसर क्यासल निवासमा आराम गरिरहनुभएको छ।

महारानीका जेठो छोरा र उत्तराधिकारी प्रिन्स चार्ल्सले फेब्रुअरी १० मा विन्डसरमा आफ्नी आमालाई भेटेको दुई दिन पछि उहाँ सङ्क्रमित हुनुभएको खबर बाहिरिएको हो। “बकिङ्घम दरबारले विज्ञप्तिमार्फत उहाँ सङ्क्रमित हुनुभएको पुष्टि गरेको छ। “उहाँले हल्का चिसो भएको जस्तो लक्षणहरू अनुभव गरिरहनुभएको बताइएको छ। उहाँले कोभिड विरुद्धको खोप भने लगाइ सक्नुभएको छ।

# पूर्वप्रधानपञ्चसहित एक सय भन्दा बढी जसपामा प्रवेश



**दैनिक समाचारदाता**
**राजविराज, ९ फागुन ।**

सप्तरीको तिरहुत गाउँपालिका २ मैनाकडेरीका नेकपा एमालेका स्थानिय नेता सुशिल बरबरिया पार्टी परित्याग गरि जनता समाजवादी पार्टीमा प्रवेश गरेका छन् ।

सोमबार जसपाद्वारा आयोजित पार्टी प्रवेश कार्यक्रममा पूर्वप्रधानपञ्च समेत रहेका बरबरियासँगै विभिन्न पार्टी परित्याग गरि एक सयभन्दा बढी नेता कार्यकर्ता जसपामा प्रवेश गरेका हुन् ।

तिरहुत गाउँपालिकामा आयोजित कार्यक्रममा नवप्रवेशीहरुलाई मधेश प्रदेशका सामाजिक विकास मन्त्री एवं जसपाका कार्यकारिणी सदस्य नवलकिशोर साहले फुलमाला अविर लगाई स्वागत गरे ।

कार्यक्रममा तिरहुत गाउँपालिकाका अध्यक्ष हेमन्त बहरखेर, जसपा गाउँकमिटिका अध्यक्ष बिरेन्द्र मिश्रा, वडा अध्यक्ष शिवनारायण मेहता, जयप्रकाश यादव, मनोज यादव लगायतले पनि नवप्रवेशीहरुको स्वागत गर्दै जसपाले नै देश र जनताको हितमा काम गर्न सक्ने बताएका थिए ।

# क्यासिनोले बुझाए ८१ करोड रोयल्टी

काठमाडौं, ९ फागुन (रासस) ।

संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेमबहादुर आलेको निर्देशनपछि क्यासिनो सञ्चालन गरेबापत तिर्नुपर्ने रोयल्टी तिर्ने क्रम बढेको छ । आइतबारसम्म सरकारको खातामा क्यासिनो कम्पनीबाट रु ८१ करोड राजस्व सङ्कलन भएको पर्यटन विभागका होटल तथा क्यासिनो हेर्ने अधिकृत खेमराज जोशीले बताउनुभयो ।

उहाँले भन्नुभयो, “रोयल्टी नतिर्ने क्यासिनोले पनि रोयल्टी तिर्न थालेका छन्, अहिलेसम्म हाम्रो खातामा रु ८१ करोड जम्मा भयो, अरु केही कम्पनीले रोयल्टी तिर्नका लागि कागजपत्र लगेका छन्, केही दिनमा अरु पनि रकम आउँछ ।” मन्त्री आलेले केही हप्ता पहिले क्यासिनोको रोयल्टी नतिर्नेको लाइसेन्स खारेज हुने चेतावनी दिएसँग अहिले क्यासिनो सञ्चालकले रोयल्टी तिर्न थालेका पर्यटन विभागले जनाएको छ ।

पर्यटन विभागका अनुसार हालसम्म कम्तीमा पनि १७ कम्पनीले रोयल्टी तिर्नुपर्ने बक्यौता बुझाएका छन् भने गोल्डेन फिङ्गर गेमिङ् जोन प्रालीले नयाँ क्यासिनो सञ्चालन गरेबापत रु दुई करोड ५० लाख रोयल्टी बुझाएसँगै सरकारको खातामा रु ८१ करोड रकम जम्मा भएको हो ।

विभागका अनुसार अब सरकारलाई क्यासिनो सञ्चालकले तिर्नुपर्ने बक्यौता रकम जम्मा रकम रु एक अर्ब ११ करोड ८४ लाख ४७ हजार मात्रै रहेको छ । यसैगरी मन्त्री आलेकै निर्देशनमा क्यासिनोको रोयल्टी वर्षौंसम्म पनि नतिर्ने काठमाडौंको दरबारमार्गमा रहेको होटेल याक एण्ड यतीको लाइसेन्स खारेज गरिएपछि अहिले अन्य क्यासिनो सञ्चालकले रकम तिर्न सुरु गरेको विभागको दाबी छ । मन्त्री आलेकै निर्देशनपछि विभागले रोयल्टी नतिर्ने क्यासिनो सञ्चालकको तीनपुस्ते विवरण समेत सार्वजनिक गरेको छ । अब छ वटा कम्पनीले रोयल्टी नवीकरण दस्तुर बुझाउन बाँकी रहेको विभागले जनाएको छ ।

# एम्बुलेन्सको ठक्करबाट स्कुटर चालकको मृत्यु

**दैनिक समाचारदाता**
**सुनसरी, ९ फागुन ।**

सुनसरीको भोक्राहा नरसिंह गाउँपालिका ४ मा एम्बुलेन्सको ठक्करबाट एक स्कुटी चालकको मृत्यु भएको छ ।

मृत्यु हुनेमा इनरुवा ५ का ३० वर्षीया निर्मला उराँव रहेको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ ।

पश्चिमबाट पूर्वतर्फ जाँदै गरेको प्रदेश २-०१-००१ झ ००२८ नम्बर भएको एम्बुलेन्सले उराँव सवार भएको प्रदेश ०१-०२-०४१ प २१५५ नम्वरको स्कुटीलाई आइतबार साँझ ठक्कर दिएको थियो ।

ठक्करबाट गम्भीर घाइते भएकी उराँवको जिल्ला अस्पताल इनरुवामा उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । उनी भोक्राहा नरसिंह गाउँपालिकाको भोक्राहा नरसिंह स्वास्थ्यचौकीमा कार्यालय सहयोगीको रुपमा कार्यरत रहेकी थिइन ।

एम्बुलेन्स चालक सप्तरी विषनपुर ५ का २७ वर्षीय सुनिलकुमार मेहतालाई नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ ।

# गत आवभन्दा ३३ अर्ब बढी राजश्व संकलन

पर्सा, ९ फागुन (रासस) ।

नेपालकै मुख्य प्रवेशद्वार र प्रमुख व्यपारिक नाका वीरगन्जबाट नेपालका लागि हुने विभिन्न बस्तुको आयात निर्याताामा सुधार भएसँगै यसको सकारात्मक प्रभाव राजश्व सङ्कलनमा पनि देखिएको छ । कोरोना सङ्क्रमणको दरमा आएको कमीसँगै मुलुकभित्रको उद्योग व्यपारले गति लिएकाले राजश्व सङ्कलन बढेको हो ।

उक्त नाकाबाट नेपालका लागि हुने विभिन्न बस्तुको आयात तथा निर्यातमा सुधार भएपछि गत आर्थिक वर्षको साउनदेखि माघ महिनासम्ममा सङ्कलित राजश्वको तुलनामा चालु आवको सोही अवधिमा ३८ प्रतिशत बढी राजश्व सङ्कलन भएको छ । गत आर्थिक वर्षको ७ महिनामा रु ८८ अर्ब ५० करोड ४८ लाख राजश्व सङ्कलन भएकामा चालु आवको सोही अवधिमा रु एक खर्ब २१ अर्ब ७२ करोड ८४ लाख राजश्व सङ्कलन गर्न वीरगन्ज भन्सार सफल भएको छ। यो गत आवको सङ्लित राजश्वको भन्दा रु ३३ अर्ब २२ करोड ३६ लाख बढी हो ।

चालु आवको साउनदेखि माघसम्मका लागि भन्सार विभागले रु एक खर्ब १६ अर्ब ७१ करोड १५ लाख राजश्व सङ्कलन हुने प्रक्षेपण गरेकामा कार्यालयले लक्ष्य भन्दा चार दशमलव तीन प्रतिशत बढी अर्थात् रु पाँच अर्ब एक करोड ७८ लाख बढी सङ्कलन गर्न सफल भएको कार्यालयका सूचना अधिकारी सुमित गुप्ताले जानकारी दिनुभयो । सवारी साधनको आयातबाट सङ्कलित राजश्वमा २३ दशमलव २१ प्रतिशत र इन्धनको आयातमा ३७ दशमलव ९१ प्रतिशत बढी राजश्व सङ्कलन भएको भन्सार कार्यालयले जनाएको छ ।

# वैदेशिक रोजगारीको नाममा ठगिएका युवालाई तत्काल क्षतिपूर्ति दिलाउन संसदीय समितिको निर्देशन

काठमाडौं, ९ फागुन (रासस) ।

प्रतिनिधिसभा, उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिले वैदेशिक रोजगारीका नाममा ठगिएका युवालाई तत्काल उनीहरुले बुझाएको रकम फिर्ता दिलाउन वैदेशिक रोजगार विभागलाई निर्देशन दिएको छ ।

स्ट्रलिङ ओभरसिज प्रालिले १३ युवासँग प्रतिव्यक्ति रु पाँच लाख १० हजार बढी रकम लिएर वैदेशिक रोजगारीमा नपठाएको भन्ने उजुरीमाथि छलफल गर्दै समितिले विभागलाई सो निर्देशन दिएको हो ।

समितिले वैदेशिक रोजगारीमा पठाउँछु भनी सरकारले तोकेभन्दा बढी शुल्क उठाउने र विदेशसमेत नपठाउने सो म्यानपावर कम्पनीलाई कालोसूचीमा राख्नसमेत निर्देशन दिएको छ । उक्त म्यानपावर कम्पनीमाथि भएको कारबाहीको विवरण पठाउन पनि समितिले विभागलाई निर्देश गरेको छ । समितिले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा रहेको ‘श्रम डेस्क’लाई प्रभावकारी बनाउन आग्रह गरेको छ ।

छलफलमा सहभागी विभागका महानिर्देशक शेषनारायण पौडेलले ठगीमा परेका युवाको उजुरीमाथि तत्काल छानविन गरी उनीहरुको रकम फिर्ता गरिने बताउनुभयो । सुरज रानालगायत १३ युवाले सो म्यानपावरले वैदेशिक रोजगारीमा पठाउने भनी चर्को रकम उठाएर विदेश नपठाएको र आफूहरुले बुझाएको रकम पनि फिर्ता नगरेको भन्दै कारबाहीका लागि समितिमा उजुरी दिएका थिए ।

### *सप्तरीमा चार...*

सम्बन्धीत मतदातालाई निर्वाचन कार्यालयमा सम्पर्क गर्न आग्रह समेत गरेका छन् ।

मतदाता नामावली संकलन अभियानका क्रममा खटिएका कर्मचारीहरुमाथी जिल्लाको खडक नगरपालिका र छिन्नमस्ता गाउँपालिकामा केही स्थानिय व्यक्तिहरुद्वारा बिना प्रमाण नाम समावेश गर्न दबाव दिएको र नमान्दा हातपात गरेको निर्वाचन कार्यालयका कर्मचारीहरुले गुनासो समेत गरेका छन् । तर, हालसम्म हातपात गर्नेहरुलाई प्रहरीले पक्राउ गर्न नसकेकोप्रति उनीहरुले दुःख व्यक्त गरेका छन् ।


कोरोनाबाट बचौं र बचाऔं

- पारिवारिक भेटघाट र सामाजिक जमघटमा जानुअघि एकपटक ख्याल गरौं ।
- आफूलाई संक्रमणको शंका लागेमा सार्वजनिक भेटघाट बन्द गरौं ।
- संक्रमणको पुष्टि भएपछि अलग्गै बसौं र सम्पर्कमा रहेकालाई जानकारी गराऔं।
- कतै हामी आफै रोग फैलाउने कारण त बनिरहेका छैनौं ?

सचेत बनौं,

ससाना कुरामा ध्यान दिंदा ठूलो जोखिमबाट जोगिन र जोगाउन सकिन्छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु → ipay remit, City Express Money Transfer, Best Remit Quick & Easy, Prabhu Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money

नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*